अल्लाहले तिम्रो रूप र धनलाई हेर्नुहुन्न, तर तिम्रो हृदय र कर्महरूलाई हेर्नुहुन्छ ।

अबू-हुरैरह (रजियल्लाहु अन्हु) ले बयान गरेका छन्, रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभएको छ : "अल्लाहले तिम्रो रूप र धनलाई हेर्नुहुन्न, तर तिम्रो हृदय र
कर्महरूलाई हेर्नुहुन्छ ।" [सही] [मुस्लिमले वर्णन गरेका छन्]

रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभएको छ, अल्लाहले मानिसहरुको रूप, रंग र शरीरको आकारलाई अथवा तिनीहरू सुन्दर छन् वा कुरूप छन्, स्वस्थ वा बिरामी छन् आदि भनेर हेर्नुहुन्न । रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभएको छ, अल्लाहले उनीहरुको धनसम्पत्ति धेरै छ वा थोरै छ भनेर हेर्नुहुन्न ? अल्लाहले यी चीजहरू प्रदान गर्नु हुन्छ र यी चीजहरूमा तिनीहरूको अन्तरको आधारमा हिसाब लिनुहुन्न । यधपी अल्लाहले तिनीहरूको हृदयमा रहेको धार्मिकता, विश्वास, सत्यता, इमानदारीता वा कपट र प्रसिद्धि हुने मनसाय हेर्नुहुन्छ । त्यसैगरी उहाँले तिनीहरूको कार्य सही वा गलत हो भनेर हेर्नुहुन्छ र त्यसको आधारमा इनाम वा दण्ड दिनुहुन्छ ।

http://www.sunnah.global/hadeeth/ne/show/4555